# बण्डेड वेयरहाउसको इजाजतपत्र प्रदान गर्ने सम्बन्धी कार्यविधि
# २०७६

नेपाल सरकार

अर्थ मन्त्रालय

**भन्सार विभाग**

२०७६ मंसिर

## बण्डेड वेयरहाउसको इजाजतपत्र प्रदान गर्ने सम्बन्धी कार्यविधि : २०७६

**स्वीकृत मितिः २०७६/०८/२६**

प्रस्तावना:

मुलुकको निकासी व्यपारमा लाग्ने लागत र समय घटाई मुलुकको निकासी व्यपारलाई अन्तराष्ट्रिय बजारमा थप प्रतिस्पर्धी बनाउने उदेश्यले विदेशमा निकासी गरिने वा स्वदेशमै परिवर्त्य विदेशी मुद्रामा बिक्री गरिने मालवस्तु उत्पादन गर्न आवश्यक पर्ने कच्चा पदार्थ तथा सहायक कच्चा पदार्थ वा स्वीकृत कर मुक्त पसलबाट बिक्री गरिने मालवस्तु बैंक जमानत सुविधामा पैठारी गर्न आवश्यक पर्ने बण्डेड वेयरहाउसको इजाजतपत्र जारी गर्ने प्रक्रियालई व्यवस्थित, सरलीकृत र पारदर्शी बनाउन वाञ्छनीय भएकोले भन्सार ऐन, २०६४ को दफा ९३ को उपदफा (ज) बमोजिम भन्सार विभागले यो कार्यविधि जारी गरेको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :-**

(१) यो कार्यविधिको नाम बण्डेड वेयरहाउसको इजाजतपत्र प्रदान गर्ने सम्बन्धी कार्याविधि, २०७६ रहेको छ ।

(२) यो कार्यविधि महानिर्देशकले तोकेको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा :- विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) "स्थायी लेखा नम्बर" भन्नाले आन्तरिक राजश्व विभाग मातहतका आन्तरिक राजश्व कार्यालय वा करदाता कार्यालयबाट जारी गरेको नौ अंकको स्थायी लेखा नम्बर सम्झनु पर्दछ । यसलाई अंग्रेजीमा Permanent Account Number र छोटकरीमा "PAN" भनिनेछ ।

(ख) "प्रणाली" भन्नाले बण्डेड वेयरहाउस प्रमाणपत्र जारी गरी सकेपछि यसको व्यवस्थापन गर्ने कार्यका लागि विभागद्धारा विकास गरेको स्चालित कम्प्युटराइज सफ्टवेयर प्रणाली सम्झनु पर्दछ ।

(ग) "इजाजत पत्र" भन्नाले भन्सार नियमावली २०६४ को नियम ९ को उपनियम (३) बमोजिम प्रदान गरिने नम्बर सहितको बण्डेड वेयरहाउसको इजाजतपत्र सम्झनु पर्दछ ।

(घ) यस कार्यविधिले परिभाषित नगरेका तर भन्सार ऐन, २०६४ र भन्सार नियमावली, २०६४ ले परिभाषित गरेका शब्दहरु यस कार्यविधिमा प्रयोग भएकोमा त्यस्ता शब्दहरुको अर्थ सो ऐन वा नियमले परिभाषित गरे बमोजिम हुनेछ ।

**३. बण्डेड वेयर हाउस इजाजतपत्र लिनुपर्ने :-**

(१) भन्सार ऐन, २०६४ को दफा १० र भन्सार नियमावली, २०६४ को नियम (९) बमोजिम बण्डेड वेयरहाउसको सुविधा लिन चाहने उद्योग वा ब्यक्तिले अनिवार्य रुपमा इजाजतपत्र लिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम इजाजतपत्र नलिएको उद्योग वा ब्यक्तिले बण्डेड वेयरहाउस सुविधामा निकासी वा पैठारी गर्न पाउने छैन ।

## परिच्छेद- २

**४. बण्डेड वेयरहाउस इजाजतपत्र लिन चाहने उद्योग वा व्यक्तिले देहाय बमोजिमका कागजातहरु संलग्न राखी विभाग समक्ष निवेदन दिनुपर्नेछः-**

(१) अनुसूची-१ मा उल्लेखित ढाँचाको विवरण भरिएको दरखास्त फारम

(२) उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपि

(३) पान (PAN) दर्ताको प्रमाणपत्रको प्रतिलिपि

(४) कर चुक्ताको प्रमाणपत्र

(५) बण्डेड वेयरहाउस रहने गोदाम घरको नक्सा (नगरपालिका भए सो कार्यालयबाट पास भएको प्रतिलिपि

(६) भाडाको सम्झौतापत्र (वेयरहाउस भाडामा लिएको भए।

(७) उद्योगले निवेदकलाई दिएको अख्तियारी

(८) सम्बन्धित आ.व. को आर्थिक ऐन वा भन्सार ऐन, नियमावलीले तोकेको प्रतिशत वा रकम बराबरको निकासी गर्ने व्यहोराको कबुलियतनामा (सञ्चालनमा आएको एक वर्ष नपुगेको उद्योगको हकमा)

(९) अन्य ।

**५. बण्डेड वेयरहाउस इजाजतको लागि निवेदन प्राप्त भएपछि भन्सार विभाग वा सम्बन्धित भन्सार कार्यालयले इजाजत माग गर्ने उद्योगको कारखाना तथा बण्डेड वेयरहाउस रहने गोदाम घर समेतको स्थलगत निरीक्षण गर्नेछ।**

## परिच्छेद- ३

**६. उद्योग तथा बण्डेड वेयरहाउस निरीक्षणको तरिकाः-** बण्डेड वेयरहाउसको इजाजतपत्र माग गर्ने उद्योगको निवेदन प्राप्त भएपछि भन्सार विभाग आफैंले वा सम्बन्धित भन्सार कार्यालयबाट

उद्योगको कारखाना र बण्डेड वेयरहाउसको स्थलगत निरीक्षण गर्न आवश्यक अधिकृत तथा कर्मचारीहरु खटाइनेछ ।

**७. बण्डेड वेयरहाउसको इजाजतपत्र माग गर्ने सम्बन्धित उद्योगको कारखाना तथा गोदाम निरीक्षण गर्न खटिने अधिकृत तथा कर्मचारीहरुले सो उद्योगको कारखाना तथा गोदाम निरीक्षण गरी देहाय बमोजिमको विवरण उल्लेख भएको निरीक्षण प्रतिवेदन पेस गर्नुपर्नेछः-**

(१) कारखाना सम्बन्धी विवरणः

- घरधनीको नाम र ठेगाना
- भवनको संख्या
- मेशिनको विवरण
- कामदारको संख्या
- सञ्चालनको अवस्था
- उत्पादन हुने मालवस्तु
- कारखानाको क्षेत्रफल
- अन्य व्यवस्था.......

(२) बण्डेड वेयरहाउस सम्बन्धी विवरणः

- बण्डेड वेयरहाउस रहने स्थान
- घर धनीको नाम र ठेगाना
- घरको तला र मोहडाको विवरण
- कोठाको लम्बाई, चौडाई र उचाईको विवरण
- झ्याल र ढोकाको विवरण
- गोदामको क्षमता
- अन्य..

**८. दफा ७ बमोजिमको निरीक्षण प्रतिवेदन प्राप्त भएपछि विभागले निवेदक उद्योगलाई बण्डेड वेयरहाउस सुविधाको लागि इजाजत पत्र दिन मनासिब हुने देखिएमा अनुसूची-२ मा उल्लेखित ढाँचाको इजाजतपत्र दिनेछ ।**

## परिच्छेदः ४

## नवीकरण गर्नुपर्ने र लाग्ने समय र लाग्ने दस्तुर

(१) उद्योगले आफूले लिएको इजाजतपत्र नवीकरण गराउन चाहेमा प्रत्येक आर्थिक वर्षका लागि सो आर्थिक वर्ष शुरु हुनु अगावै नियमानुसारको दस्तुर तिरी भन्सार विभागबाट नवीकरण गराउनु पर्नेछ ।

(२) कुनै कारणवस आर्थिक वर्ष शुरु हुनु अगावै इजाजतपत्र नवीकरण गराउन नसक्ने उद्योगले नियमानुसारको थप दस्तुर तिरी इजाजतपत्र नवीकरण गराउन सक्नेछ ।

(३) जुनसुकै कुरा लेखिएको भएतापनि इजाजतपत्र नवीकरण नगरेको अवधिमा उद्योगले बण्डेड वेयरहाउसको सुविधा उपभोग गर्न पाउने छैन ।

**५. बण्डेड वेयरहाउस प्रमाणपत्र नवीकरणको लागि आवश्यक कागजातहरुः**

(१) अनुसूची-३ बमोजिमको दरखास्त फारम,

(२) बण्डेड वेयरहाउस इजाजतपत्रको प्रतिलिपि,

(३) स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(४) कम्पनी रजिष्टार, उद्योग र वाणिज्य विभागले जारी गरेको प्रमाणपत्रको अद्यावधिक गरेको प्रतिलिपि,

(५) गत आर्थिक वर्षको निकासी/पैठारी भन्सार प्रज्ञापनपत्रको प्रतिलिपि,

(६) आयकर/मूल्य अभिवृद्धि कर विवरण नियमित रुपमा पेस गरेको देखिने विवरण,

(७) विदेशी मुद्रा भुक्तानी प्राप्त भएको कागजातको प्रतिलिपि,

(८) सम्बन्धित उद्योगको अख्तियारी पत्र,

(९) पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र,

(१०) स्थानीय बिक्री तथा निर्यात समेत खुलेको प्रमाणित कागजात (सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट)

## परिच्छेदः ५
## विविध

११. यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा वा कुनै बाधा अड्काउ परेमा वा यसमा उल्लेख भएको कुनै विषयको व्याख्या गर्नुपर्ने भएमा महानिर्देशकले आवश्यक निर्णय गरी त्यस्तो द्विविधा हटाउन वा बाधा अड्काउ फुकाउन वा व्याख्या गर्न सक्नेछ ।

## अनुसूची — १
## बण्डेड वेयरहाउस प्रमाणपत्र प्राप्तिका लागि दिनुपर्ने दरखास्तको नमूना

श्रीमान् महानिर्देशकज्यू,
भन्सार विभाग
त्रिपुरेश्वर, काठमाण्डौं ।

विषयः बण्डेड वेयरहाउसको सुविधा पाऊँ ।

महोदय,

मेरो/हाम्रो निम्न उल्लेखित उद्योगले भन्सार नियामवली, २०६४ को नियम ९ बमोजिम बण्डेड वेयरहाउसको सुविधा योग्य भएकोले सो सुविधा उपलब्ध गराई दिनु हुन यसै निवेदनको खण्ड १४ मा उल्लेखित कागजातहरु संलग्न गरी यो निवेदन पेस गरेको गरेको छु ।

१. उद्योगको नामः
२. उद्योगको ठेगानाः
३. पान नम्बरः
४. उद्योगको प्रमुख व्यक्तिको नाम, उद्योगसँगको सम्बन्धः
५. उद्योग दर्ता नम्बर र मितिः
६. उद्योग दर्ता भएको निकायः
७. बण्डेड वेयरहाउस रहने स्थानः
८. उद्योग सञ्चालनमा आएको मितिः
९. उत्पादन हुने मालवस्तुः
१०. विदेशमा निकासी हुने मालवस्तुः
११. निकासी गर्न चाहेको मुलूकः
१२. कुल उत्पादन मध्ये विदेशमा निकासी गर्न चाहेको उत्पादनको अंक (प्रतिशत)-
१३. विगत एक वर्षको अवधिमा भएको प्रमाणित कारोबार मूल्य (मु.अ.कर बाहेकको नेपाली रुपैया)-
(यस खण्डमा उल्लिखित विवरणलाई प्रमाणित कागजात संलग्न गर्नुपर्ने)
(क) कूल बिक्री मूल्यः (ख) स्वदेशमा भएको बिक्री मूल्यः
(ग) विदेशमा निकासी भएको मूल्य :
१४. यस निवेदनका साथ संलग्न गरिएका कागजातहरु (पेस गरिएका कागजातमा चिन्ह लगाउनु पर्ने।
(क) उद्योग दर्ताको प्रमाणपत्रको प्रतिलिपि
(ख) पान दर्ताको प्रमाणपत्रको प्रतिलिपि
(ग) आयकर तथा मू.अ. कर विवरण पेस गरेको प्रमाणको प्रतिलिपि
(घ) वेयरहाउसको नक्सा (नगरपालिकामा भए सो कार्यालयबाट पास भएको हुनुपर्ने) को प्रतिलिपि
(ङ) उद्योगले निवेदकलाई दिएको अख्तियारी
(च) सम्बन्धित आ.व. को आर्थिक ऐन वा भन्सार ऐन, नियमावलीले तोकेको प्रतिशत वा रकम बराबरको निकासी कबुलियतनामा (सञ्चालनमा आएको एक वर्ष नपुगेको उद्योगको हकमा)
(छ) अन्य......

माथि उल्लेख भएको विवरण सबै ठीक छ । फरक ठहरे बण्डेड वेयरहाउसको सुविधा खारेज गरी कानून बमोजिम कारबाही भएमा मञ्जुर छ ।

निवेदकको नामः-
उद्योगसँग सम्बन्धः-
दस्ताखतः-
मितिः-

## अनुसूची — २
## बण्डेड वेयरहाउस प्रमाणपत्र नवीकरणको लागि दिनुपर्ने दरखास्तको नमूना

श्रीमान् महानिर्देशकज्यू,
भन्सार विभाग
त्रिपुरेश्वर, काठमाडौं ।

विषयः बण्डेड वेयरहाउसको इजाजतपत्र नवीकरण गरी पाऊँ ।

महोदय,

मेरो/हाम्रो निम्न उल्लेखित उद्योगले बण्डेड वेयरहाउसको इजाजतपत्र प्राप्त गरी सो सुविधा उपभोग गरिरहेको र सो इजाजत बहाल रहने म्याद मिति ......................... मा समाप्त हुने भएकोले आर्थिक वर्ष................................ का लागि इजाजतपत्र नवीकरण पाउन भन्सार नियमावली, २०६४ को नियम ९ को उपनियम (४) वमोजिम तोकिएको म्यादभित्र देहायबमोजिमको कागजात सहित यो निवेदन पेस गरेको छु।

१. उद्योगको नामः
२. इजाजतपत्र प्राप्त नम्बर र प्राप्त गरेको मितिः
३. स्थायी लेखा नम्बरः
४. उद्योगको ठेगानाः
५. उद्योगको प्रमुख व्यक्तिको नाम, उद्योगसँगको सम्बन्धः
६. उद्योग दर्ता नम्बर र मितिः
७. उद्योग दर्ता भएको निकायः
८. उद्योग सञ्चालनमा आएको मितिः
९. उत्पादन गरेको मालवस्तुः
१०. विदेशमा निकासी गरेको मालवस्तुः
११. निकासी गरिएको मुलुकः
१२. कुल उत्पादन मध्ये चालु आ.व. मा हालसम्म विदेशमा निकासी गरेको उत्पादनको अंश (प्रतिशत)-
१३. विगत एक वर्षको अवधिमा भएको प्रमाणित कारोवार मूल्य (मू.अ.कर बाहेकको नेपाली रुपैंया)-
(यस खण्डमा उल्लेखित विवरणलाई प्रमाणित कागजात संलग्न गर्नुपर्ने)
(क) कूल बिक्री मूल्यः (ख) स्वदेशमा भएको बिक्री मूल्यः
(ग) विदेशमा निकासी भएको मूल्यः
• भारतमा निकासी भएको मूल्यः • तेस्रो मुलकुमा निकासी भएको मूल्यः
(यस खण्डमा उल्लेखित विवरण खुल्ने गरी सम्बन्धित कर कार्यालयबाट प्रमणित गराई पेस गर्नु पर्ने)
१३. यस निवेदनका साथ संलग्न गरिएका कागजातहरु (पेस गरिएका कागजातमा चिन्ह लगाउनुपर्ने)
(क) उद्योग दर्ता तथा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि
(ख) विगत एक वर्षको पैठारी तथा निकासी प्रज्ञापनपत्र र विदेशी मुद्रा प्राप्तिको प्रमाणको प्रतिलिपि
(ग) आयकर तथा मू.अ. कर विवरण पेस गरेको प्रमाण प्रतिलिपि
(घ) उद्योगले निवेदकलाई दिएको अख्तियारी
(ङ) बण्डेड वेयरहाउसको इजाजतपत्रको प्रतिलिपि
(च) अधिकारनामा
(छ) अन्य ..............

माथि उल्लेख भएको विवरण सबै ठीक छ। फरक ठहरे बण्डेड वेयरहाउसको सुविधा खारेज गरी कानून बमोजिम कारबाही भएमा मञ्जुर छ।

निवेदकको नामः
उद्योगसँगको सम्बन्धः

## अनुसूची- ३
## बण्डेड वेयरहाउस इजाजतपत्रको नमूनाः

नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
बण्डेड वेयरहाउसको इजाजतपत्र (प्रोप्राइटर)

इजाजतपत्र संख्याः
इजाजतपत्र प्रदान गर्ने निर्णय मितिः
इजाजतपत्र प्रदान गरिएको मितिः

**निम्न विवरणको उद्योग/फर्म/कम्पनीलाई भन्सार नियमावली, २०६४ को नियम १२ मा उल्लिखित शर्तहरु पालना गर्ने र सोही नियमावलीको नियम १० मा उल्लिखित सुविधाहरु उपभोग गर्न पाउने गरी सोही नियमावलीको नियम ९ बमोजिम यो इजाजतपत्र प्रदान गरिएको छ ।**

इजाजतपत्र पाउनेको नामः
ठेगानाः
स्थायी लेखा नम्बरः
उद्योग/फर्म/कम्पनी दर्ता नम्बरः
उद्योग/फर्म/ कम्पनी दर्ता भएको निकायः
उद्योग/फर्म/कम्पनीको प्रमुख व्यक्तिको नाम र हैसियतः
पैठारी गर्ने मालवस्तुः
वेयर हाउस रहेको स्थानः
वेयर हाउसको क्षमताः

शाखा अधिकृत

(यो इजाजतपत्र भन्सार नियमावली, २०६४ को नियम ९ बमोजिम यसै इजाजतपत्रको पृष्ठभागमा नवीकरण गराउनु पर्नेछ।)

(अग्र भाग)

इजाजतपत्र पाउनेको नामः

| शर्तहरु | | नवीकरण | | | |
|---|---|---|---|---|---|
| | | **नवीकरण भएको मिति** | **आ.व. को लागि** | | **प्रमाणित गर्नेको दस्तखत** |
| १. | बण्डेड वेयरहाउस अन्तर्गत बैंक ग्यारेन्टीमा पैठारी सहायक कच्चा पदार्थ तोकिएको बण्डेड वेयरहाउसमा सुरक्षित किसिमबाट राख्ने जिम्मेवारी सम्बन्धित उद्योगकै हुनेछ। भन्सार कार्यालयबाट बण्डेड वेयर हाउसको निरीक्षण समेत हुनेछ । | | | | |
| २. | बण्डेड वेयरहाउस अन्तर्गत कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ आयात गर्दा र तयारी सामान निकासी गर्दा यस विभागबाट तोकिएको पासबुक र खातापत्रहरु अनिवार्य रुपमा भरी सम्बन्धित भन्सार कार्यालयबाट प्रमाणित गराई तत्समबन्धी विवरण अध्यावधिक गरी राखुपर्नेछ । | | | | |
| ३. | बण्डेड वेयरहाउस अन्तर्गत पैठारी भएको कच्चा पदार्थ, सहायक कच्चा पदार्थ र सोबाट बनेका सामानहरु हराएमा वा नोक्सानी भएमा वा स्थानीय बजारमा बिक्री गरेमा प्रचलित ऐन बमोजिम भन्सार महसुल, शुल्क वा करहरु बुझाउनुपर्नेछ । | | | | |
| ४. | तयारी पोशाकको हकमा बण्डेड वेयरहाउस अन्तर्गत पैठारी भएका कपडाको नमूना र सोबाट बनेको सामान निकासी गरिने भन्सार कार्यालयमा भन्सार प्रज्ञापनपत्र साथ अनिवार्य पेस गर्नुपर्नेछ । | | | | |
| ५. | उद्योग विभागले तोकेको परिमाणसम्मको खपत र जर्ती प्रतिशतलाई मात्र मान्यता दिइनेछ । | | | | |

नोटः यो इजाजतपत्र प्रत्येक आर्थिक वर्षको आषाढ मसान्तसम्ममा नवीकरण गराई सक्नुपर्नेछ । सो समय भित्र नवीकरण नगराएमा आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र तीन हजार रुपैंया थप दस्तुर तिरेर नवीकरण गराउन सकिनेछ भने उक्त छ महिनासम्म पनि नवीकरण नगरेमा त्यस्तो बण्डेड वेयरहाउसको इजाजतपत्र स्वतः रद्द हुनेछ ।

(पृष्ठ भाग)